नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस कोरिया शाखा
ग्वार्को, ललितपुर ।

२०८१/१२/१४

# कोरियन बिशेष भाषा परीक्षा (Special EPS TOPIK,2025) आवेदन फाराम दर्ता सम्बन्धी थप सूचना !!

रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत दक्षिण कोरिया गई बोनस भिषा थपेका सन् २०१६ पश्चात लिईएको TOPIK Level 3 उत्तीर्ण (मान्य अवधि भएको मात्र) र सन् २०१६ पश्चात HRD Service of Korea ले बिभिन्न मितिमा प्रदान गरेको सीप बिकास तालिम लिएका (अन्य संस्थाले दिएको तालिम मान्य नहुने) ब्यक्तिहरुले आवश्यक प्रमाण पेस गरेमा कोरियन भाषा परीक्षा शुल्क (USD 28) नलाग्ने र कोरियाको न्याय मन्त्रालयबाट स्वीकृती प्राप्त गरी मौसमी कामदार भई फर्केका व्यक्तिहरुलाई परीक्षा शुल्क लाग्ने छ । साथै माथी उल्लिखित मापदण्ड पुगेका उम्मेदवारहरुले नियमानुसार तोकिएको थप ५ देखि २५ अङ्क बोनस प्राप्त गर्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।सो को लागि कागजातहरु;-आफ्नो राहदानी, प्रवेश पत्र, Foreigner Registration card (Alien Card) अगाडि पछाडि, तालिम लिएको प्रमाणपत्र र मौसमी कामदारका रुपमा काम गरेको हकमा सोको प्रमाण परीक्षा आवेदन फाराम भरेको दिन यस शाखाको ईमेल ठेगाना cbt10application@gmail.com मा PDF मा एउटै फाईलमा merge गरी पठाउन हुन समेत अनुरोध छ । कागजात नपुगी प्राप्त भएका ईमेल माथी कुनै कारवाही हुने छैन । थप अंक दिने अन्तिम अधिकार HRD Service of Korea को हुनेछ ।निज व्यक्तहरुको नामावली यसैसाथ संलग्न छ ।

२०८१/१२/१४
ई.पी.एस कोरिया शाखा